# कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी

# कार्यविधि, २०८१

कर्णाली प्रदेश सभा

सामाजिक विकास समिति

# कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी कार्यविधि, २०८१

**प्रस्तावना**: कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि समितिले पारित गरेको मितिवाट प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान"** भन्नाले प्रदेशले वनाएका प्रदेशसँग सम्बन्धित कुनै ऐनको प्रावधान वा दफा, उपदफा, खण्ड, उपखण्ड वा अनुसूची वा तत् सम्वन्धी कानूनमा उल्लेख भएका अन्य कुनै व्यवस्था प्रारम्भ भए पछि त्यस्ता व्यवस्था तथा प्रावधान· कार्यान्वयनको अवस्था (कानून कार्यान्वयनको व्यवस्था) खोज गर्ने, कानूनको कार्यान्वयनका कारण सम्बन्धित निकाय, सेवाग्राही वा सम्वद्ध अन्य कसैलाई पर्न गएको सकारात्मक वा नकारात्मक पक्ष तथा प्रभाव अध्ययन, अनुसन्धानको परीक्षण वा जाँच गर्ने विधिलाई सम्झनु पर्छ।

(ख) "परीक्षण" भन्नाले कानून कार्यान्वयन मापन सम्वन्धमा समितिले अवलम्वन गर्ने व्यवस्थापन तथा कानूनको मापन, परीक्षण, मूल्याङ्कन र समीक्षा समेतलाई सम्झनु पर्छ।

(ग) "प्रतिवेदन" भन्नाले यस कार्यविधि बमोजिम समितिले तयार गर्ने प्रतिवेदनलाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५४ बमोजिम गठन भएको सामाजिक विकास समिति सम्झनु पर्छ।

(ङ) "सभापति" भन्नाले सामाजिक विकास समितिको सभापति सम्झनु पर्छ।

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कानून कार्यान्वयनको अवस्थाको सन्दर्भमा अध्ययन गर्ने,

(ख) ऐन प्रारम्भ भएपछि त्यस्ता ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रोत्साहन गर्ने,

(ग) कानून कार्यान्वयनको सवल तथा दुर्वल पक्षको मूल्याङ्कन गर्ने,

(घ) ऐनमा रहेको प्रयोग विहिन (निष्प्रभाव) सम्बन्धी प्रावधान वा दफा तथा त्यस्ता प्रावधान वा दफाको कुनै व्यवस्थालाई परिमार्जन वा खारेज गर्नु पर्ने वा नपर्ने सन्दर्भमा अध्ययन गरी आवश्यक सुझाव दिने,

(ङ) विभिन्न कानूनहरूमा रहेको दोहोरोपनालाई हटाउनको लागि सिफारिस लगायत अन्य आवश्यक सहयोग गर्ने,

(च) गुणस्तरीय कानून बनाउनको लागि आवश्यक सहयोग तथा सहजीकरण गर्ने,

(छ) कानूनी शासनको मान्यता स्थापित गर्न आवश्यक कार्य गर्ने ।

## परिच्छेद-२

## परीक्षण र अध्ययन, अनुसन्धान सम्वन्धी व्यवस्था

४. **परीक्षणको आधार** : (१) ऐनको प्रावधान वा दफा, उपदफा लगायत ऐनका समग्र व्यवस्था कार्यान्वयन भए वा नभएको सम्बन्धमा समितिले आवश्यकता अनुरुप परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले परीक्षण गर्दा देहायका आधार लिनेछ :-

(क) मापन गरिने ऐनमा नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, आदेश वा अन्य कुनै व्यवस्था बनाउन सक्ने अधिकार भए वा नभएको,

(ख) खण्ड (क) बमोजिमको अधिकार भए सो अनुरूप सम्वन्धित निकाय वा अधिकारीले त्यस्ता नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, आदेश वा अन्य कुनै व्यवस्था बनाएको वा नबनाएको,

(ग) कानूनको कार्यान्वयबाट लक्षित व्यक्ति, समुदाय, पक्ष वा क्षेत्रले अपेक्षित सामाजिक, आर्थिक, राजनीतिक, समावेशी लगायत सम्वद्ध ऐनले अपेक्षा गरेको अन्य उपलब्धि हासिल गर्न सके वा नसकेको,

(घ) तोकिएको मितिबाट ऐनको कार्यान्वयन भए वा नभएको,

(ङ) ऐन प्रारम्भ भएपछि अधिकार प्राप्त अदालतबाट सो ऐनको कुनै दफा, उपदफा वा कुनै प्रावधान उपर कुनै प्रकारको आदेश जारी भई सम्वन्धित ऐनको त्यस्तो प्रावधान, दफा, उपदफा वा खण्ड वा उपखण्ड कार्यान्वयन गर्न, नगर्न वा खारेज गर्नका लागि आदेश भएको अवस्था रहे वा नरहेको,

(च) नेपालको संविधानमा उल्लिखित राज्यका नीति तथा निर्देशक सिद्धान्त बमोजिम ऐन निर्माण भए वा नभएको,

(छ) सम्बन्धित ऐनसँग तादात्म्यता हुने गरी प्रत्यायोजित विधायनको व्यवस्था भए वा नभएको,

(ज) कानूनको प्रावधान बमोजिम स्थापना हुनु पर्ने संस्थागत संरचना गठन भए वा नभएको,

(झ) कानून कार्यान्वयनले समाजमा लैङ्गिक समानता तथा समता लगायतका कार्य गर्ने आधार कायम गरे वा नगरेको,

(ञ) कानूनको उद्देश्य, प्रयोजन र मनसाय बमोजिम ऐन कार्यान्वयन भए वा नभएको,

(ट) कानूनमा उल्लिखित कुनै प्रावधानलाई संशोधन गर्न आवश्यक रहे वा नरहेको,

(ठ) कानून कार्यान्वयनको चरणमा कुनै बाधा विरोध भए वा नभएको,

(ड) राज्यलाई आर्थिक, सामाजिक र सांस्कृतिक असर परे वा नपरेको,

(ढ) समितिले आवश्यक ठानेका अन्य आधार ।

५. **<u>अध्ययन अनुसन्धान गर्न सक्ने</u>** : (१) कानून कार्यान्वयनको मापन मूल्याङ्कन समिति आफैंले वा सचिवालयका अधिकृतस्तरका कर्मचारी मध्येबाट वा अन्य विषय विज्ञमार्फत समितिले त्यस्तो कानून कार्यान्वयनको मापन मूल्याङ्कन वा अध्ययन अनुसन्धान गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन अनुसन्धान गर्दा वा गराउँदा देहायको विषयलाई अवलम्बन गर्नु पर्नेछ :-

(क) सम्बद्ध कानूनको सैद्धान्तिक पक्ष तथा त्यस्तो कानूनको सम्बन्धमा राज्यको नीति,

(ख) कुनै पनि मौजुदा कानूनले संविधानको भावनालाई समेट्न सकेको छ वा छैन,

(ग) कुनै पनि नियमावली, कार्यविधि वा निर्देशिकाले सम्बद्ध ऐनसँग तादाम्यता राख्छ वा राख्दैन,

(घ) कानून कार्यान्वयनमा संचित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व के कति रहेको छ वा छैन,

(ङ) कुनै कानूनमा रहेको कुनै सारवान विषयमा उल्लेख गरेको छ वा छैन,

(च) मौलिक हक कार्यान्वयनका विषयमा उल्लेख भएको छ वा छैन,

(छ) कुनै व्यक्तिले दैनिक व्यवहार वा आचरणलाई नियमित वा नियन्त्रण गर्ने विषय,

(ज) समितिले आवश्यक ठानेका अन्य विषय ।

६. **<u>परीक्षणको समय</u>** : समितिले अन्यथा निर्देशन दिएको अवस्थामा बाहेक सामान्यतया: प्रारम्भ भएको तीन वर्ष अवधि पूरा भएको ऐन, कानूनको परीक्षण गर्न सकिनेछ ।

## परिच्छेद-३

## परीक्षण विधि तथा प्राथमिकीकरण सम्वन्धी व्यवस्था

७. **परीक्षणको विधि** : समितिले कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धानको सम्बन्धमा देहायका विधि अवलम्बन गर्न सक्नेछ :-

(१) प्रारम्भिकः यसमा निम्न विधिहरू हुनेछन् :-

(क) कानूनको छनोट,

(ख) परीक्षणको उद्देश्य निर्धारण,

(ग) कानून कार्यान्वयनकारी निकायको पहिचान र परामर्शका योजना,

(घ) सरोकारवाला तथा विज्ञहरूको पहिचान र परामर्शका योजना,

(ङ) परीक्षणको समयावधी तय (सामान्यतयाः तीन महिना) ।

(२) कार्यान्वयनः यसमा निम्न विधिहरू हुनेछन् :-

(क) परामर्श कार्यक्रमको सार्वजनिकीकरण,

(ख) सन्दर्भ सामग्रीको अध्ययन,

(ग) कानून कार्यान्वयनकारी निकायसँग परामर्श,

(घ) सरोकारवालासँग परामर्श (समूह केन्द्रीत छलफल, प्रश्नोत्तर, मुख्य सूचनादातासँग छलफल आदि),

(ङ) विषय विज्ञसँग परामर्श,

(च) प्राप्त तथ्याङ्कहरूको विश्लेषण,

(छ) निष्कर्ष, सुझाव तथा सिफारिस,

(ज) प्रतिवेदन निर्माण (प्रतिवेदन निर्माण अनुसूचीमा उल्लेख भएको ढाँचामा आधारित हुनेछ) ।

(३) फलोअप (आगामी कदम): यसमा निम्न विधिहरू हुनेछन् :-

(क) प्रतिवेदन वितरण,

(ख) फलोअप योजना निर्माण (प्रतिवेदन सभामा छलफल तथा सिफारिस, समितिमा सम्बन्धित मन्त्रालयसँग छलफल आदि),

(ग) समग्र परीक्षण कार्यको समीक्षा ।

८. **परीक्षणको प्राथमिकीकरण** : कुनै कानूनको मापन गर्नु अघि मापन गरिने कानूनको प्राथमिकता समितिले देहायको कुनै आधारमा तोक्न सक्नेछ :-

(क) स्वतन्त्रता, नागरिकता तथा नागरिक अधिकारसँग सम्बन्धित,

(ख) सार्वजनिक वा जन सरोकारसँग सम्बन्धित,

(ग) सुशासन तथा न्याय प्रशासनसँग सम्बन्धित,

(घ) प्राकृतिक स्रोत साधनको उपयोगसँग सम्बन्धित,

(ङ) उपभोक्ताहित तथा सार्वजनिक आपूर्ति व्यवस्थासँग सम्बन्धित,

(च) खानेपानी, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित,

(छ) महिला, बालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समावेशी लगायत समाज कल्याणसँग सम्बन्धित,

(ज) कृषि, सहकारी, भूमि व्यवस्था, उद्योग, व्यवसाय, रोजगारी तथा श्रम व्यवस्थापनसँग सम्बन्धित,

(झ) समितिले आवश्यक ठानेका अन्य विषयहरू आदि ।

## परिच्छेद-४

## परीक्षण र अध्ययन अनुसन्धानको समयावधी तथा सीमा सम्वन्धी व्यवस्था

९. **परीक्षणको समयावधी** : (१) कानूनको मापन वा परीक्षण गर्दा प्रारम्भ गरेको मितिले सामान्यतया: तीन महिनाभित्र पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधीमा कार्य सम्पन्न हुन नसकेमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

१०. **परीक्षण र अध्ययन अनुसन्धानको सीमा** : कानूनको मापन तथा परीक्षण सम्वन्धी कार्य गर्दा देहायका सीमाभित्र रही गर्नु पर्नेछ :-

(क) संवैधानिक व्यवस्था,

(ख) कानून र न्यायका सामान्य सिद्धान्त,

(ग) लिङ्ग, वर्ण, क्षेत्र, जातजाति तथा भाषाभाषी प्रति सम्मान तथा आदर,

(घ) निरपेक्ष तथा सन्तुलित अवधारणाको सिद्धान्त,

(ङ) आर्थिक सीमितता,

(च) समितिले तोकेको अन्य सीमा ।

## परिच्छेद-५

## विविध

११. **सचिवालय सम्वन्धी व्यवस्था** : समितिको सचिवालयले कानूनको उत्तर विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी सचिवालयको रूपमा काम गर्नेछ ।

१२. **उपसमिति गठन गर्न सक्ने** : समितिले आफ्नो कामलाई प्रभावकारी तवरले सञ्चालन गर्ने प्रयोजनका लागि समितिका सदस्यहरू मध्येबाट उपसमिति गठन गर्न सक्नेछ ।

१३. **उपसमितिको कार्य क्षेत्र** : (१) दफा १२ बमोजिम गठन भएको उपसमितिले समिति गठन गर्दाको अवस्थामा कार्यविधि तोकिएकोमा सोही बमोजिम कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यविधि नतोकिएकोमा यसै कार्यविधि अनुसारको काम गर्न सक्नेछ ।

१४. **विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्ने** : (१) समिति वा उपसमितिले कानून कार्यान्वयन र अध्ययन, अनुसन्धान मापनको सम्वन्धमा आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग लिदा विज्ञ वा विज्ञ समूहको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **प्रतिवेदन** : (१) कानूनको मापन र अध्ययन अनुसन्धानका सम्वन्धमा समिति वा उपसमितिको संयोजकले समितिको बैठक समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदन उपर समितिमा आवश्यक छलफल गरी पारित गरिनेछ ।

(३) उपदफा (२) बमोजिम पारित प्रतिवेदन प्रदेश सभाको बैठक समक्ष पेश गरिनेछ ।

(४) यस दफा बमोजिम प्रदेश सभामा पेश भएको प्रतिवेदन कार्यान्वयनमा लैजानु पर्ने दायित्व प्रदेश सरकारको हुनेछ ।

(५) यस दफा बमोजिम पारित प्रतिवेदन सभाको वेबसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ ।

१६. **अभिलेख राख्नु पर्ने** : यस कार्यविधि बमोजिम तयार गरेको प्रतिवेदन समितिले प्रदेश सभा सचिवालयको पुस्तकालयमा अभिलेखको लागि पठाउनेछ ।

१७. **कार्यविधिको व्याख्या** : यस कार्यविधिको व्याख्या गर्ने अधिकार समितिको परामर्शमा सभापतिलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

१८. **अन्य विषय** : यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयका सम्वन्धमा समितिको निर्णय तथा कर्णाली प्रदेशसभा नियमावली, २०७९ बमोजिम हुनेछ ।

१९. **कार्यविधि संशोधन** : समितिले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

*समितिबाट पारित मिति: २०८१ बैशाख ८ गते ।*

(राजेन्द्र पौडेल)
समिति सचिव

(घनश्याम भण्डारी)
सभापति

## अनुसूची

### प्रतिवेदनको ढाँचा

१. कार्यकारी सारांश

२. परिचय

३. परीक्षणको प्रश्न

४. परीक्षणको उद्देश्य

५. परीक्षणको सीमा

६. सन्दर्भ सामग्रीको पुनरावलोकन

७. परीक्षणको विधि

८. परीक्षणमा प्रयोग भएका कागजात तथा प्रमाण

९. तथ्याङ्क प्रस्तुती तथा विश्लेषण

१०. निष्कर्ष, सुझाव तथा सिफारिस

११. सन्दर्भ सामग्री ।